# मालिकार्जुन गाउँपालिका
# Malikarjun Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of Rural Municipal Executive

शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल


प.सं. २०८२/८३
च.नं.

मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

## सेवा परामर्शमा न्यायिक परामर्शदाता छनोट गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशन मितिः-२०८२।०८।०४ गते बिहीबार)

मालिकार्जुन गाउँपालिकाको न्यायिक परामर्शदाता (छनोट तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८२ बमोजिम यस मालिकार्जुन गाउँपालिकाको न्यायिक समितिबाट सम्पादन हुने कार्यमा सहजीकरण गर्ने उद्देश्यले एक जना न्यायिक परामर्शदाता आवश्यक परेको हुँदा देहायबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समयभित्र दरखास्त साथ आवश्यक कागजात संलग्न गरी आवेदन पेस गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**देहायः**

**१. शैक्षिक योग्यता र अनुभवः**

क) आवेदक नेपाली नागरिक हुनु पर्नेछ ।

ख) आवेदक ३५ वर्ष पूरा भई ६३ वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने छ ।

ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाण-पत्र तह वा सो सरह उतिर्ण गरेको हुनु पर्ने,

घ) सरकारी अथवा मान्यता प्राप्त गैह सरकारी संस्थामा कानुन अथवा न्यायिक समितिको सचिवालयमा उजुरी दर्ता, प्रतिवाद दर्ता, म्याद तामेली, तारेख पत्राचार तथा इजलास सञ्चालन, तालिम तथा गोष्ठी निर्देशन, अनुगमन र निरीक्षण तथा उजुरी प्रशासकको भूमिका जस्ता कार्यमा कम्तिमा ५ (पाँच) वर्ष काम गरेको अथवा कानुन सम्बन्धी विषयमा ७२० घण्टाको तालिम लिएको हुनु पर्नेछ ।

ङ) स्थानीय परामर्शदाता तथा न्यून दररेटमा काम गर्न इच्छुकलाई प्राथमिकता दिइनेछ ।

च) प्रचलित कानुनले अयोग्य नभएको ।

प्रमुख प्रशासकीय अधिकृत

**२. आवेदनका संलग्न गर्नु पर्ने कागजातहरूः**

क. उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी, अनुभवसँग सम्बन्धित कागजातको प्रतिलिपी तथा ७२० घण्टाको कानुन सम्बन्धी तालिमका हकमा विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेस गरिने सबै प्रतिलिपिहरु आवेदक स्वयंले प्रमाणित गरेको हुनु पर्नेछ ।

ख. आवेदक रीतपूर्वकको हस्तलिखित निवेदन(काम गर्न इच्छुक रहेको तथा आफ्नो योग्यता समेतको विवरण खुल्ने गरी) साथ अधिकतम पाँच लाखको सीमा भित्र रहने गरी स्थानीय सेवाको तह अनुसारको शुरु तलब स्केलमा काम गर्न मञ्जुर रहेको विषय प्रष्टसँग खुलाई सिलबन्दी रुपमा आवेदन पेस गर्नुपर्ने छ ।

ग. "क" र "ख" बुँदा बमोजिमका कागजपत्रहरु सिलबन्दी रुपमा पेस गर्नुपर्नेछ ।

घ. अन्य विषयमा द्विविधा भएमा मालिकार्जुन गाउँपालिकाको न्यायिक परामर्शदाता छनोट तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ मा भएको व्यवस्थाबमोजिम हुनेछ ।

**३. आवेदन दस्तुर रु. १००० लाग्नेछ ।**

प्रमुख प्रशासकीय अधिकृत